प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्(CTEVT)
**कर्णाली प्रदेश कार्यालय**
वीरेन्द्रनगर,सुर्खेत

# सेवा करारमा प्राविधिक प्रशिक्षण ब्यक्ति लिने सम्बन्धी सूचना।

**(प्रथम पटक प्रकाशित मिति २०८०/०८/१५)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ,कर्णाली प्रदेश अन्तर्गत शिक्षालयहरुमा अर्को निर्णय नभएसम्म हाललाई २०८१ आषाढ मसान्त सम्मका लागि प्राविधिक प्रशिक्षण व्यक्ति सेवा करारमा लिनुपर्ने भएको हुदा इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र आफुले प्राप्त गरेको शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रतिलिपि र तोकिएको दस्तुर सहित परिषद् कार्यालय तथा कर्णाली प्रदेश कार्यालयको इमेल ctevt.karanli@gmail.com मा इमेल गर्नुहुन वा भौतिक रुपमा उपस्थित भई कर्णाली प्रदेश कार्यालयमा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सो सम्बन्धी विस्तृत विवरण (पद, न्युनतम शैक्षिक योग्यता, पाठ्यक्रम, परीक्षा प्रणाली, प्रशिक्षण कार्य गर्नुपर्ने शिक्षण संस्था, तलब भत्ता तथा अन्य सुविधा,दरखास्त दस्तुर, आदि) परिषद् कार्यालयको वेबसाईट www.ctevt.org.np,मा हेर्न सकिनेछ ।

**परिषद, कर्णाली प्रदेश कार्यालय अन्तर्गत शिक्षालयहरुका लागि आवश्यक पदहरु**

**१. कर्णाली प्राविधिक शिक्षालय, जुम्ला।**

| वि.न. | पद | श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|---|
| १-०८०/८१ | सहायक लेक्चरर (फिजिक्स) | अधिकृत स्तर तृतीय, प्रा | १ | |
| २-०८०/८१ | फार्मेसी प्रशिक्षक | अधिकृत स्तर तृतीय, प्रा | १ | |
| ३-०८०/८१ | कृषि प्रशिक्षक (बाली विज्ञान) | अधिकृत स्तर तृतीय, प्रा | १ | |

**२. शहिद नेत्रलाल बहुप्राविधिक शिक्षालय, सल्यान।**

| वि.न. | पद | श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|---|
| ४-०८०/८१ | कृषि प्रशिक्षक (पशु विज्ञान) | अधिकृत स्तर तृतीय, प्रा | २ | |
| ५-०८०/८१ | निर्माण प्रशिक्षक (सिभिल इन्जिनियर) | अधिकृत स्तर तृतीय, प्रा | १ | |
| ६-०८०/८१ | कृषि सहायक प्रशिक्षक (पशु विज्ञान) | सहायक स्तर प्रथम , प्रा | १ | |

**३. सहिद यज्ञश्वर स्मृति बहुप्राविधिक शिक्षालय, चौरजहारी रुकुम पश्चिम।**

| वि.न. | पद | श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|---|
| ७-०८०/८१ | जियोम्याटिक्स प्रशिक्षक | अधिकृत स्तर तृतीय, प्रा | २ | |
| ८-०८०/८१ | जियोम्याटिक्स सहायक प्रशिक्षक | सहायक स्तर प्रथम , प्रा | १ | |

**४. जाजरकोट बहुप्राविधिक शिक्षालय, काफलचौर जाजरकोट।**

| वि.न. | पद | श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|---|
| ९-०८०/८१ | सहायक लेक्चरर (फिजिक्स) | अधिकृत स्तर तृतीय, प्रा | १ | |

| | | | | |
|---|---|---|---|---|
| १०-०८०/८१ | फार्मेसी प्रशिक्षक | अधिकृत स्तर तृतीय, प्रा | ३ | |
| ११-०८०/८१ | कृषि प्रशिक्षक ( पशु विज्ञान) | अधिकृत स्तर तृतीय, प्रा | २ | |
| १२-०८०/८१ | निर्माण प्रशिक्षक (सिभिल इन्जिनियर) | अधिकृत स्तर तृतीय, प्रा | १ | |
| १३-०८०/८१ | अंग्रेजि भाषा प्रशिक्षक | अधिकृत स्तर तृतीय, प्रा | १ | |
| १४-०८०/८१ | प्रोग्राम कोर्डिनेटर गणित | अधिकृत स्तर तृतीय, प्रा | १ | |
| १५-०८०/८१ | सहायक लेक्चरर बायोलोजि | अधिकृत स्तर तृतीय, प्रा | १ | |
| १६-०८०/८१ | वन विज्ञान प्रशिक्षक | अधिकृत स्तर तृतीय, प्रा | २ | |
| १७-०८०/८१ | सहायक लेक्चरर नेपाली | अधिकृत स्तर तृतीय, प्रा | १ | |
| १८-०८०/८१ | ल्याब ब्वाय (विज्ञान) | सहायक स्तर प्रथम , प्रा | १ | |
| १९-०८०/८१ | मर्मत सहायक | सहायक स्तर द्धितीय , प्रा | १ | |
| २०-०८०/८१ | निर्णाण प्रशिक्षण सहायक | सहायक स्तर द्धितीय , प्रा | १ | |
| २१-०८०/८१ | कृषि प्रशिक्षण सहायक (पशु विज्ञान) | सहायक स्तर द्धितीय , प्रा | १ | |

१. **परीक्षाको किसिमः** लिखित र अन्तरवार्ता हुने छ।लिखित परीक्षाको हकमा सेवा सम्वन्धिको दोस्रो पत्रवाट १ घण्टाको समयमा लिईने छ।५० वटा वस्तुगत बहु उत्तर प्रश्नहरु सोधिने छ र प्रत्येकको अंक भार २ हुने र कुल पूर्णाङ्क १००, उत्तिर्णाङ्क ४० हुने छ।

२. **उमेरको हदः** अधिकृत स्तर तृतिय श्रेणी पदको लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाधेको, सहायक स्तर पदका लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाधेको तर महिला र अपांग उम्मेद्वारको हकमा ४० वर्ष ननाघेको।"उमेर" भन्नाले कुनै पदको निमित्त दरखस्त दिने अन्तिम दिन पुरा हुने उमेर सम्झनु पर्दछ।

३. **समकक्षताः** समकक्षता निर्धारण गर्नु पर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रतिलिपी स्वयमद्वारा प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्ने छ।

४. **प्राविधिक तथा प्रशिक्षण** सेवा अन्तरगत प्राविधिक पदमा दरखास्त दिने उम्मेद्वारले पेशा व्यावसायको काम गर्न नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिङ परिषद, नेपाल ईन्जिनियरिङ्ग परिषद् लगाएतका पेशागत संगठनमा दर्ताहुने प्रावधान रहेकोमा सम्वन्धित व्यावसायिक संगठनहरुमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी दरखास्त बुझाउने अन्तिम म्याद भित्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

५. **तलव भत्ता र सुविधाः** परिषद्को कर्मचारी सेवा सर्त तथा सुविधा सम्वन्धि विनियमावली, २०६९ (संशोधन सहित) बमोजिम हुनेछ।

६. सूचनामा उल्लेखित म्याद भित्र दाखिला नभएको र न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा रितपूर्वक नभएको दरखास्त स्वीकृत गरिने छैन। त्यस्तो फाराम स्वीकृत भएको पाईएमा जुनसुकै बेला पनि स्वतः रद्द हुनेछ।

७. **पाठ्यक्रम** (curriculum) परिषद्को बेबसाइट www.ctevt.org.np लगइन गरी CARREER बाट सेवा करारको पाठ्यक्रम डाउनलोड गर्न सकिने छ।

८. **दरखास्त दस्तुरः** परिषद् कर्णाली प्रदेश कार्यालयको राष्ट्रिय बाणिज्य बैक, वीरेन्द्रनगर सुर्खेतमा रहेको आर्जन खाता नं. ४०८०१०००१५५२८००१ मा देहायको श्रेणी अनुसार तोकिएको परीक्षा दस्तुर बुझाई सो को

सक्कल भौचर स्क्यान गरी संलग्न गर्नु पर्ने छ। साथै रकम जम्मा गर्दा दरखास्त दिने निवेदकको नाम थर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

९. **दरखास्त दस्तुरः**

| सि.नं. | श्रेणी | परीक्षा दस्तुर |
|---|---|---|
| १ | अधिकृत स्तर तृतीय | १०००।०० |
| २ | सहायक स्तर प्रथम | ४००।०० |
| ३ | सहायक स्तर द्धितिय | ३००।०० |

१०. **कार्य गर्नु पर्ने स्थानः** परिषद् कर्णाली प्रदेश कार्यालयबाट तोकिएको आंगिक शिक्षालयहरुमा जुन शिक्षालयको लागि दरखास्त फाराम भरेको हो सोही शिक्षालयमा मात्र कार्य गर्नु पर्ने छ।

११. यस सूचनामा उल्लेख नभएका विषयहरुको हकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी सेवा सर्त तथा सुविधा सम्वन्धी विनियमावली २०६९ (छैठौं संशोधन सहित) र अन्य प्रचलित कानून बमोजिम हुने छ।

१२. उपरोक्त बमोजिमका समान पदहरुको लिखित परीक्षा एकै दिन एकै समयमा परिषद् कर्णाली प्रदेश कार्यालयले तोकेको स्थानमा सञ्चालन हुनेछ। एक उम्मेद्वारले कुनै एक शिक्षालयको लागि मात्र फाराम भर्न पाउने छ।

१३. आबेदन फाराम www.ctevtkarnali.org.np बाट डाउनलोड गर्न सकिने छ अथवा प्रदेश कार्यालयबाट प्राप्त गर्न सकिने छ।

१४. आवेदन फाराम बुझाउने स्थानः कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर ८, आवास सुर्खेत।

१५. परीक्षा मितिः कर्णाली प्रदेश कार्यालयको वेवसाइटमा पछि प्रकाशन गरिने छ।

१६. आवेदन दिने अन्तिम मितिः २०८० /०८ /२९

लिखित परीक्षामा सफल उमेरद्वारले आवेदन फाराम भर्दा समावेश गरिएका कागजातहरुको सक्कल प्रमाणपत्रहरु अन्तर्वाता दिन आउदा लिएर आउनु पर्नेछ। अन्तर्वाता पुर्व प्रमाणपत्र रुजु गर्दा कुनै कैफियत वा ढाँटेको पाइएमा त्यस्तो उम्मेदवारलाई अन्तर्वातामा समावेश गराईने छैन र निजको दरखास्त रद्ध गरिनेछ।

**शैक्षिक योग्यताः**

**सहायक लेक्चरर (फिजिक्स)**: मान्यताप्राप्त शिक्षण संस्थावाट भौतिक शास्त्र विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण ।

**निर्माण प्रशिक्षक**: मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण ।

**फार्मेसी प्रशिक्षक**: मान्यता प्राप्त शिक्षण संस्थावाट फार्मेसी विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण ।

**प्रोग्राम कोर्डिनेटर गणित**: मान्यता प्राप्त शिक्षण संस्थावाट मूल विषय गणित विषय लिई स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण।

**सहायक लेक्चरर नेपाली**: मान्यता प्राप्त शिक्षण संस्थावाट मूल विषय नेपाली विषय लिई स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण।

**अंग्रेजि प्रशिक्षक**: मान्यता प्राप्त शिक्षण संस्थावाट मूल विषय अंग्रेजि विषय लिई स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण।

**कृषि प्रशिक्षक (बाली विज्ञान)**: मान्यताप्राप्त शिक्षण संस्थावाट कृषि विषय(बाली विज्ञान) लिई स्नातक तह वा सो सरह उत्तिर्ण ।

**कृषि प्रशिक्षक (पशु विज्ञान)**: मान्यता प्राप्त शिक्षण संस्थावाट कृषि (पशु विज्ञान/पशुपालन) विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण ।

**कृषि सहायक प्रशिक्षक (पशु विज्ञान)** : मान्यताप्राप्त शिक्षण संस्थावाट कृषि (पशु विज्ञान) विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण वा सो विषयमा सीप परीक्षण तह ३ उत्तिर्ण ।

**जियोमेटिक्स प्रशिक्षक** : मान्यताप्राप्त शिक्षण संस्थावाट जियोमेटिक्स विषय लिई स्नातक तह वा सो सरह उत्तिर्ण।

**जियोमेटिक्स सहायक प्रशिक्षक** : मान्यताप्राप्त शिक्षण संस्थावाट डिप्लोमा इन जियोमेटिक्स विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण।

**ल्याव ब्वाय (विज्ञान)** : मान्यताप्राप्त शिक्षण संस्थावाट विज्ञान विषय लिई प्रविणता प्रमाणपत्र तह वा प्लस टु मा विज्ञान विषय लिई वा सो सरह उत्तिर्ण।

**निर्माण प्रशिक्षण सहायक द्वितिय**: मान्यताप्राप्त शिक्षण संस्थावाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्राविधिक एस.एल.सी. वा सोसरह उत्तिर्ण वा सीप परीक्षण तह २ उत्तिर्ण।

**कृषि प्रशिक्षण सहायक( पशुपालन)**: मान्यताप्राप्त शिक्षण संस्थावाट कृषि (पशुपालन) विषयमा प्राविधिक एस.एल.सी. वा सो सरह उत्तिर्ण वा सो विषयमा सीप परीक्षण तह २ उत्तिर्ण।

**मर्मत सहायक द्वितिय**: मान्यताप्राप्त शिक्षण संस्थावाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्राविधिक एस.एल.सी. वा सो सरह उत्तिर्ण वा सीप परीक्षण तह २ उत्तिर्ण।

**अध्यक्ष**

**सेवा करार व्यक्ति छनौट उप-समिति**

**सम्पर्क नम्बरः ०८३५२३०२०, ०८३५२१८८५, ९८५८०३३०२० ( कार्यालय समय १०-४ भित्र मात्र)**